**मिति २०८० भाद्र ५, गते काठमाण्डौमा आयोजित द्वन्द्वपीडितहरूको राष्ट्रिय परामर्शद्वारा पारित काठमाण्डौ घोषणापत्र |||**

**पीडित र सरोकारवालासँगको परामर्श, सर्वोच्च अदालतको परमादेश एवम् अन्तर्राष्ट्रिय मानवअधिकार कानून बमोजिम संक्रमणकालीन न्याय ऐन तत्काल संशोधन गरियोस्, विश्वसनीय प्रक्रियाद्वारा तत्काल विश्वसनीय, सक्षम र स्वतन्त्र आयोग गठन गरियोस् |||**

१. २०७९ साल असारमा नै पीडित लगायतका सरोकारवालाहरूले गम्भीर असहमति जनाएका कैयौ प्रावधानहरू जस्ताको तस्तै राखेर मिति २०७९ फाल्गुन २५ गते नेपाल सरकारले पीडित समुदायको प्रमुख चासो, सहकार्य र सहभागितालाई बेवास्ता गर्दै संसदमा दर्ता गरेको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ संशोधनसम्बन्धी विधेयकमा भएका त्रुटीपूर्ण तथा न्यायको मर्मलाई नै आघात पार्ने प्रावधानहरूप्रति हामी द्वन्द्वपीडितहरूको गम्भीर सरोकार र चासो रहेको छ।

२. द्वन्दकालमा दुवै पक्षवाट भएका मानवअधिकार गम्भीर उल्लंघनका घटनाहरुको सत्य निरुपण तथा मेलमिलाप आयोग मार्फत सत्य पत्ता लगाई न्यायिक निरुपण गर्ने गरी २०६३ मंसीर ५ को विस्तृत सम्झौतामा गरिएको प्रतिवद्दता सरकार र राजनीतिक दलहरुले निरन्तर उल्लङ्घन गर्दै आएका छन् । वास्तवमा संक्रमणकालीन न्याय विश्वसनीय ढंगले टुंग्याउने सवालमा सरकार र पालोपालो सरकारमा रहेका कुनै पनि प्रमुखं राजनैतिक दल संवेदनशील भएनन्, आयोग लगायतका निकाय जवाफदेही एवम् इमान्दार भएनन् । संक्रमणकालीन न्यायलाई सफल निष्कर्षमा पुर्याउन सम्बेदनशील र इमान्दार भएको भए आयोग गठन भएको ८/८ वर्षसम्म कुनै ठोस उपलब्धी हासिल नहुने अवस्था आउने नै थिएन। सर्वोच्च अदालतले आदेश दिएको यतिका समयसम्म ऐन समेत संशोधन नहुने लज्जास्पद अवस्था आउने नै थिएन ।

३. लामो समयसम्म सम्बोधन नहुदा पीडित समुदाय आर्थिक, सामाजिक, स्वास्थ्य, क्षमता विकास, अवसर, पारिवारीक वात्सल्य, शारीरिक र भौतिक क्षति, अभाव, दिर्घकालिन मनोसामाजिक असर, निरासा तथा पीडामा पिल्सिरहेका छन् | घाइते, अपांग, यातना, अपांगता भएका पीडित, बलात्कार तथा यौनजन्य हिंसाका पीडितको पहिचान औषधीउपचार, सहयोग सामग्री नपाएर तड्पिन परेको, ज्यान गुमाउनुपरिरहेको छ | सास वा लास, मारिएका भए पनि काजक्रिया गर्न समेत नपाएको, बेपत्ता व्यक्तिका नाममा रहेको सम्पत्ति नामसारी तथा उपभोग गर्न नपाएको अवस्थामा बेपत्ता पारिएका व्यक्तिका परिवारजनको अवस्था रहेको छ | कब्जा गरिएका सम्पत्ति अझै फिर्ता गरिएको छैन | सरकार, राजनैतिक दल एवम् आयोगमाथि पीडित समुदायको अबिश्वास, निरासा छाएको छ |

४. २०७८ चैत्रमा नया कानुन मन्त्र नियुक्ति संगै परामर्शको आरम्भ भएको थियो | पीडित र मानब अधिकार समुदायको सहकार्यमा परामर्शको मोडालिटी तयार र परामर्श आयोजनामा सहकार्य गरेका थियौ | संशोधन मस्यौदा गोप्य रुपमा मस्यौदा गरेर कैयौ आपत्तिजक र सकारात्मक ब्यबस्थासहित २०७९ असारमा बिधेयक संसदमा टेबल गरियो | मानबअधिकार समितिमा विचाराधीन, आमा निर्वाचनका लागि सदन बिघटन भयो | २०७९ असारमा दर्ता गरेको बिधेयकमा केहि परिमाजर्न सहित मुख्य बिबादास्पद बुदा उस्तै राखेर २०७९ फागुन २५ मा संशोधन विधेयक संसदमा टेबल गरियो | प्रधानमन्त्री दाहाल बिरुद्द सर्वोच्च अदालतमा मुद्दा पर्ने लागेपछि हतारमा दर्ता गरियो | संशोधनसम्बन्धि प्रस्ताब प्रतिनिधिसभाको कानुन, न्याय तथा मानबअधिकार समिति अन्तर्गत गठित सर्वदलीय प्रतिनिधित्व रहेको ११ सदस्यीय उपसमितिमा विचाराधीन रहेको छ | जेष्ठ ५ मा सत्य आयोग ऐनमा संशोधन प्रस्ताब गर्न तीन हप्ताको म्याद दिएर उक्त संसदीय समिति गठन गरिएको थियो | जेष्ठ ३० गते पीडित समुदायसंग उपसमितिले तीन शिर्ष नेताले द्वन्दका नाममा पर्न गएको पीडा तथा न्याय प्रक्रियामा ढिलाईप्रति क्षमायाचना गर्ने र विश्वसनीय प्रक्रियाद्वारा छिटो टुंग्याउने प्रतिवद्दता जाहेर गर्ने भनेर गरिएको प्रतिवद्दता २/२ महिनासम्म अलपत्र परेको छ | साउन ५ मा पुन २ हप्ता म्याद थपियो, सो अनुसार साउन २१ गते उपसमितिले संशोधन प्रस्ताब पारित गरे पेश गर्नुपर्नेमा अझै हुन सकेको छैन |

५. हाल बेपत्ता पारिएका व्यक्तिको छानवीन सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ संशोधन सम्बन्धि प्रस्ताब प्रतिनिधि सभाको त्यस समिति अन्तर्गतको उपसमितिमा विचाराधीन रहेको छ । सङ्क्रणकालीन न्याय प्रकृयाले सफलताको लागि कानुनी बैधता मात्र नभएर सामाजिक बैधता समेत पाउनुपर्दछ । पीडित लगायतका सरोकारवालाको वैध मागको सम्बोधन सुनिश्चित हुनु पर्दछ । संसदीय प्रकृयामा उपसमितिले पीडित र सरोकारवालासँग सार्थक परामर्श गरेर विश्वासको वातावारण सृजना गर्नु पर्दछ ।

६. नेपालको संक्रमणकालीन न्यायका सम्बन्धमा संयुक्त राष्ट्रसंघ, बिदेशी राजदुवावास, बिभिन्न अन्तर्राष्ट्रिय मानब अधिकार संघसंस्थाहरु तथा बिभिन्न अन्तर्राष्ट्रिय मन्चहरुमा दशकौंदेखि देखि गहिरो चासो ब्यक्त हुदै आएको छ | नेपाल सरकारले पनि अन्तर्राष्ट्रिय मन्चहरुमा दशकौदेखि विश्वसनीय प्रक्रियाद्वारा संक्रमणकालीन न्याय टुंग्याउने प्रतिवद्दता राखिदै आएको छ | मानब अधिकार परिषदको सदस्यको नाताले विश्वका अन्य देशको मानब अधिकार अवस्थावारे प्रश्न उठाउने हैसियत राख्ने नेपालको संक्रमणकालीन न्यायका अवस्थामा दशकौंदेखि देखि उही सवाल उठिरहनु, सरकारले उही प्रतिवद्दता जनाइरहनु तर कार्यान्वयन नगर्नु देशकै लज्जाको बिषय हो | हालै संयुक्त राष्ट्रसंघका ४ जना मानव अधिकार विज्ञहरूले संक्रमणकालीन न्याय विधेयकका सम्बन्धमा चासो राखी सरकारलाई संयुक्त रूपमा पत्र पठाएर विधेयकका विभिन्न बुँदामाथि प्रश्न उठाएका छन् | उनीहरुले हाल विचारधीन विधेयक नेपालको कानून तथा अन्तर्राष्ट्रिय कानून र मान्यता विपरीत रहेको, उक्त विधेयकले द्वन्द्वकालमा भएका गम्भीर मानवअधिकार उल्लंघनका घटनामा संलग्नलाई जवाफदेही बनाउन असम्भव बनाउने जनाएका छन् |

७. तसर्थ, पीडित र सरोकारवालासँगको परामर्श, सर्वोच्च अदालतको परमादेश एवम् अन्तर्राष्ट्रिय मानवअधिकार कानून बमोजिम ऐनको संशोधन गरी संक्रमणकालिन न्याय प्रकृयालाई सुनिश्चित गर्न र निष्कर्षमा पुर्याउने जिम्मेवारी गहन रुपले बहन गर्नका लागि मानवअधिकार उल्लंघनका कारण दशकौंदेखि पीडा, अन्याय, अपहेलना र अन्यायमा पिल्सिरहेका हामी आम द्वन्द पीडित समुदाय हाम्रा लिखित माग, सरिकार एवम् अधिकारहरुहरुप्रति प्रतिनिधि सभाको कानुन, न्याय तथा मानब अधिकार समितिको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छौं | बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ संशोधनसम्बन्धी विधेयकमा रहेका ब्यवस्था तथा संशोधन बिधेयकमा तत्काल परिमार्जन गरी संशोधन गर्नुपर्ने बिषयहरूका सम्बन्धमा मिति २०८० भाद्र ५ मा काठमाण्डौमा आयोजित देशै भरिका द्वन्द्व पीडित प्रतिनिधिहरूको राष्ट्रिय परामर्शद्वारा पारित यस काठमाण्डौ घोषणापत्र मार्फत हामी पीडित समुदायका तपसिल बमोजिमका गम्भीर सरोकारहरू सार्वजनिक गरेका छौँ।

८. संक्रमणकालीन न्याय समाधानमा कुन मार्गचित्र अंगाल्ने, कहिले कसले के के गर्ने भन्ने समय तालिका नै नभएको सन्दर्भमा पीडित लगायतका सरोकारवालाहरूको सहकार्यमा समयसीमासहितको संक्रमणकालीन न्याय निरुपणसम्बन्धी स्पस्ट मार्गचित्र र ठोस कार्ययोजना बनाउनुपर्दछ। उक्त मार्गचित्र र कार्ययोजनालाई सरोकारवालाहरूको अर्थपूर्ण सहभागिता, अपनत्व र सहकार्यमा मात्र कार्यान्वयन गरियोस् ।

९. मानवीय कानुन र मानवअधिकार कानुन उल्लंघनको परिणाम स्वरुप घटित हत्या निशस्त्र व्यक्तिको हत्या तथा यातना जस्ता गम्भिर अपराधलाई सामान्य मानवअधिकार उल्लंघनको कोटी भित्र राखेर क्षमादानयोग्य बनाउने प्रस्तावप्रति पीडित समुदायको घोर आपत्ति छ । यसलाई सच्याएर हत्या र यातनालाई गम्भिर मानवअधिकार उल्लंघनको वर्गमा राखेर क्षमादानअयोग्य हुनेगरी व्यवस्था गरियोस् । मानवताविरुद्धको अपराध, हत्या, अंगभङ्ग एवं वलात्कार लगायतका अन्य गम्भिर प्रकृतिका यौन हिंसालाई समेत गम्भिर अपराधको सूचिमा राखियोस् । यौनजन्य हिंसाको घटना निशस्त्र र निशस्त्र नछुट्याई गम्भिरताको आधारमा द्वन्दका नाममा भएका सबै बलात्कार तथा यौनजन्य हिंसाको घटनाहरुको सुनिश्चित गरियोस् |

१०. ऐनमा साविक देखी रहेको वेपत्ता पार्ने कार्यको परिभाषालाई हटाउने प्रस्ताव औचित्यपूर्ण छैन । तसर्थ, वेपत्ता पार्ने कार्यको परिभाषा ऐनमा यथावत् राखियोस् ।

११. यातना तथा यौन हिंसा पीडित लगायत सवै प्रकारका द्वन्द पीडितको पहिचान गरी उनिहरुलाई तत्काल राहत तथा उपचारको व्यवस्था गर्नु पर्ने कानुनी प्रबन्ध गरियोस्।

१२. आयोग गठनका लागि गरिएको व्यवस्था समस्यामूलक भएको विगतको अनुभवले सिद्ध गरिसकेको छ। सिफारिस समिति स्वतन्त्र, सक्षम, विश्वनीय र निस्पक्ष हुने आधार र प्रक्रिया सुनिश्चित गर्नुपर्दछ । आयोगमा आयूक्तहरुको छनोट गरी सिफारिस गर्न गठन हुने समितिमा सरकार हावी हुने गरेको छ। पूर्वप्रधानन्यायधीश मध्येवाट संयोजक, राष्ट्रिय मानवअधिकार आयोगको अध्यक्ष वा प्रतिनिधि एकजना सदस्य, पूर्वन्यायाधीश मध्येवाट एकजना सदस्य अनि दुईजना सरकारले तोक्ने व्यवस्था गरियोस्।

१३. योग्यता, अनुभव र मार्गचित्रका आधारमा स्पष्ट मापदण्ड, पारदर्शी र विश्वसनीय प्रक्रियाद्वारा सक्षम व्यक्तिहरू छनौट गरी विश्वसनीय, सक्षम र स्वतन्त्र आयोग गठन गरियोस्।

१४. आयोगलाई आवश्यक पर्ने साधनश्रोत, विज्ञ र जनशक्ति तथा आवश्यक संरचनाको व्यवस्था तत्काल गरियोस्। आयोगमा दर्ता भएका ६५ हजार उजुरी निष्कर्षमा पुर्याउने स्थानीय तहसम्म विश्वसनीय संरचना, बिज्ञ, कर्मचारी तथा साधनश्रोत तथा सहकार्यको ब्यबस्था गरियोस्। उजुरी छानबिन कर्मचारीवाट नभई बिषयबिज्ञहरुवाट गर्ने प्राबधान राखियोस्|

१५. आयोगको कार्यावधि २ वर्ष राखिएको वस्तुपरक छैन। आयोगले सम्पन्न गर्नुपर्ने कार्य सम्पन्न नभएको अवस्थामा अवधि थप गर्न सकिने ब्यबस्था गरियोस्।

१६. आयोगमा छुट्टै अनुसन्धान, लैंगिक, यौनजन्य हिंसा सम्बन्धि हेर्ने विशेष इकाई, परिपूरण, मनोसामाजिक परामर्श लगायतका बिभिन्न इकाईहरुको ब्यबस्था गरियोस्।

१७. कार्यदलको प्रतिवेदनमा छुटेको, हालसम्म पीडितका रुपमा पहिचान हुन र राहत, उपचार लगायतका सेवासुविधामा छुटेका द्वन्दकालका घाइते, अपाङ्गता भएका, हत्या, बेपत्ता, यौनजन्य हिंसा लगायतका मानब अधिकार उल्लंघनका घटनाका पीडितलाई समावेश गरियोस् | साथै दुवै संक्रमणकालीन न्यायका आयोगमा छुटेका यौनजन्य हिंसा लगायतका हरेक प्रकृतिका पीडितहरुको उजुरी दर्ता गर्नका लागि खुल्ला गरियोस्|

१८. आयोगहरूले हरेक क्रियाकलापमा पीडित समुदायसंग सहकार्य गर्नुपर्छ। आयोगहरूले निर्धक्क र निष्पक्ष भएर बिना दबाब सत्य अन्वेषण गर्ने, सबैले उसलाई सहयोग गर्ने एवम् आयोगले पनि सरकारलाई त्यसरी नै सिफारिस गर्ने वातावरण निर्माण गरिनुपर्दछ। आयोगका नीति नियम, निर्देशिका, संरचना निर्माण गर्दा पीडित समुदायको अर्थपूर्ण परामर्श र सहभागिता सुनिश्चित गर्नुपर्दछ। पीडित समुदायको पीडा र भावनालाई आत्मसात गर्दै आयोगले गर्ने व्यवहारमा संवेम्बेदनशीलता, भावनात्मक रूपमा पीडितको मन जित्ने ब्यबहार र मनोसामाजिक परामर्शको व्यवस्था समेत गरियोस् ।

१९. थप अनुसन्धान गर्नुपर्ने वा अन्य मनासिब कारणले महान्यायधिवक्ताले एक बर्ष भित्र मुद्दा चलाउन नभ्याएमा थप समय उपलब्ध गराउने ब्यबस्था गरियोस्।

२०. पीडितलाई केन्द्रमा राखेर कानुन संशोधन गर्ने, आयोग गठन तथा आयोगको कार्यप्रक्रिया प्रकृया विश्वसनीय, पारदर्शी र पीडित केन्द्रित र मैत्री, लैंगिक संबेदनशील, गोपनीय तथा सुरक्षित बनाउन एवं यौनजन्य हिंसामा परेका व्यक्तिको सुरक्षा, गोपनियता, उपचार लगायतका प्रावधानको व्यवस्था गरियोस्।

२१. दुवै आयोगमा दर्ता भएमा ६५ हजार बढी उजुरीको छानविन, समाधान र पीडितलाई न्यायको अनुभूति गराउने मोडालिटी नै स्पष्ट छैन। योजना बनाएर देखाउनका लागि केहि प्रतिनिधिमुलक घटनाहरु माथि अनुसन्धान गरिने भन्ने पनि सुनिएको छ। यथार्थमा अहिलेसम्म अंगालिएको उजुरी संकलन र छानबिन प्रक्रिया साच्चिकै संक्रमणकालीन न्यायको अवधारणा अनुरुप थिएन | आयोगले अनुसन्धान नगर्ने, प्रमाण नखोज्ने, साक्षी नझिकाउने, पीडकको बयान

लिनवाट भाग्ने अनि पीडितलाई प्रमाणको भार बोकाएर थप पिडा र तनाब दिने आयोगको बिद्यामान कार्यशैली कदापि पीडितमैत्री छैन । उजुरी लिएपछि त्यसको निष्पक्ष अनुसन्धानको यो हरेक पीडितको अधिकारको सुनिश्चित गरियोस्

२२. पीडित तथा साक्षीको गोपनियता तथा संरक्षण, प्रमाणको सुरक्षाका लागि विश्वसनीय उपायहरूको अवलम्बन गरियोस् ।

२३. द्वन्दकालीन मुद्दाको न्यायनिरुपण गर्ने विशेष अदालतले दोषीलाई घटी सजाय गर्न वाध्य पार्ने व्यवस्था अमान्य छ । त्यसले अदालतको स्वतन्त्रतामा आघात पारेको छ । आधार र कारण हेरेर अदालतले घटाउन वा नघटाउन सक्ने व्यवस्था होस् ।

२४. संक्रमणकालीन न्याय कानुन विशेष प्रकृतिको कानुन हो । यसले गम्भिर अपराधलाई सम्बोधन गर्छ । गम्भिर उल्लंघनमा भूतलक्षी कानुनको प्रयोगलाई अन्तराष्ट्रिय मानवअधिकार कानुनले पनि मान्यता दिएको छ । तसर्थ पाश्चातदर्शि कानुनको आधारमा पनि द्वन्द्वकालीन घटनामा अभियोजन हुने सुनिश्चितता ऐनमा गरियोस् ।

२५. न्याय परिषद्को सिफारिसमा तीन सदस्यीय एक विशेष अदालत गठन गर्ने व्यवस्थामा संशोधन गरी संविधानमा रहेको उच्च अदालत गठन प्रक्रिया बमोजिम नै संक्रमणकालीन न्याय विशेष अदालत गठन गर्ने व्यवस्था गरियोस् ।

२६. आयोगको प्रतिवेदन तथा सिफारिस सरकारले प्राथमिकता र इमान्दारिताका साथ कार्यान्वयन गर्ने प्रबन्ध गरियोस् ।

२७. राष्ट्रिय मानब अधिकार आयोगवाट आयोग प्रक्रिया र आयोगको प्रतिवेदन एवम् सिफारिस कार्यान्वयन प्रक्रियाको जिम्मेवारी पुर्वक अनुगमन गरियोस् |

२८. पीडितको परिपूरणको अधिकार ब्यबहारत सुनिश्चित गरियोस् | पीडितका तत्कालिन आवश्यकता, राहत, उपचार, सामाजिक सुरक्षा, सहायक सामग्री, अत्यावश्यक भएका पीडितलाई औषधिउपचार आदिको तत्काल प्रबन्ध, यातना तथा यौनहिंसा पीडित लगायत सवै प्रकारका द्वन्द पीडितको पहिचान, सुरक्षा, तत्काल राहत तथा उपचारको व्यवस्था ब्यबस्था गरियोस् |

२९. पीडित समुदायसंगको सहकार्यमा पीडाको प्रकृति, गाम्भीर्यता तथा आवश्यकताका आधारमा पीडित समुदायको साझा एवं विशेष आवश्यकता एवं अधिकार सुनिश्चित गर्ने,साझा तथा विशेष अनि तात्कालिक एवम् दिर्घकालिन परिपुरणिय आवश्यकता पुरा गर्न पुनर्स्थापना, शिक्षा, स्वास्थ्यम्, रोजगार, क्षतिपूर्ति, मनोसामाजिक परामर्श, सामाजिक सुरक्षा, सम्मान, आरक्षण, संस्मरण, पहिचान, सम्मान तथा सेवासुविधा सहितको परिचयपत्र, जीविकोपार्जन, शिक्षा, रोजगारीमा कोटा तथा आरक्षण लगायतका सवाल समेटेर बिस्तृत परिपुरण नीति तथा कार्यक्रम निर्माण गरी केन्द्र, प्रदेश तथा सरकारको साझा दायित्वका रुपमा पीडित लगायतका सरोकारवालाहरुको सहकार्यमा कार्यान्वयन गरियोस् |

३०. महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद् प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन गरियोस् |

३१. विस्तृत शान्ति सम्झौता पश्चात् ल्याण्ड माइन, बारुदी सुरुंग, बम बिष्फोटमा परि पीडित भएका पीडितहरूलाई पनि ऐन र समग्र प्रक्रियाले समेट्नु पर्छ । उनिहरुको पहिचान, उपचार, राहत, क्षतिपूर्ति तथा परिपूरणको ब्यबस्था गरियोस् ।

३२. अपराधिक घटनालाई समेत राजनैतिक रंग दिएर अदालती प्रक्रियामा रहेका एवम् गम्भीर मानव अधिकार उल्लङ्घनका फौजदारी मुद्दा समेत फिर्ता लिनसक्ने एवम् त्यस्ता कसुरका दोषीलाई समेत आममाफी दिन सकिने प्रावधान सहित सरकारले हालै संसदमा दर्ता गरेको फौजदारी कार्यविधि संहिता, २०७४ को विवादास्पद संशोधन प्रस्ताब सरकारद्वारा तत्काल फिर्ता गरियोस् |

३३. अन्त्यमा, द्वन्द पीडित समुदाय प्रतिको दायित्व बोध गर्दै पीडितको सत्य, न्याय र परिपूरण अधिकार एवम् फेरी द्वन्द र मानब अधिकार उल्लंघन नदोहोरिने सुनिश्चित गर्ने गर्ने गरी कानुनमा संशोधन गरेर संक्रमणकालीन न्याय प्रक्रिया विश्वसनीय रुपले टुङ्गयाउने भुमिका बहन गर्नका लागि कानुन, न्याय तथा मानब अधिकार संसदीय समितिका माननीय

सांसदज्युहरु समक्ष पुनः जोडदार माग गर्दछौं। द्वन्द पीडित समुदायका सत्य, न्याय र परिपूरण अधिकार सुनिश्चित गर्ने एवम् फेरी द्वन्दका नाममा मानब अधिकार उल्लंघन नहुने सुनिश्चितता गर्ने विस्तृत शान्ति सम्झौताको महत्वपूर्ण प्रावधान र प्रतिवद्धता कार्यान्वयन गर्ने राज्यको यस दायित्वउपर गम्भीर, सम्बेदनशील, इमान्दार र जवाफदेही बन्नका समग्र संसद, सरकार एवम् सम्पूर्ण  राजनैतिक दलहरुसँग पुनः जोडदार माग गर्दछौं | साथै, राष्ट्रिय मानव अधिकार आयोग, सम्पूर्ण नागरिक समाज तथा मानवअधिकार समुदाय, सञ्चार जगत, अन्तर्राष्ट्रिय समुदायप्रति द्वन्द्व पीडित समुदायको न्यायप्रतिको नैसर्गिक अधिकार सुनिश्चित गराउन र सो को लागि विश्वसनीय प्रक्रिया अवलम्बन गर्नका लागि विगतमा जस्तै ऐक्यबद्दता एवम् सहकार्यका लागि हामी द्वन्द्व पीडित समुदाय हार्दिक अपील गर्दछौं।

**हस्ताक्षरकर्ता**

| | नाम | जिल्ला |
|---|---|---|
| १ | रुपेश शाह | सुनसरी |
| २ | राम कुमारी राई | ताप्लेजुङ |
| ३ | लिला देवि तामंग | मोरङ |
| ४ | उदय कुमार शाह | सिराहा |
| ५ | बाल कृष्ण श्रेष्ठ | पर्सा |
| ६ | सुनिता देवी शाह | सप्तरी |
| ७ | हेम कुमारी भट्टराई | पर्सा |
| ८ | कृष्ण वहादुर घिसिङ | दोलखा |
| ८ | बादल तामांङ् | दोलखा |
| ९ | तुलसी वहादुर खड्का | रामेछाप |
| १० | सुरेन्द्र खत्री | म्याग्दी |
| ११ | सावित्री खड्का | बागलुङ् |
| १२ | दुदराज अधिकारी | कास्की |
| १३ | सुनिता घले | लमजुङ् |
| १४ | राम चन्द्र बि के | कास्की |
| १५ | निरन्जन कुमार चौधरी | बर्दिया |
| १६ | संजय कुमार गुप्ता बानिया | रुपन्देही |
| १७ | श्री कुमारी रोक्का | रोल्पा |
| १८ | चन्द्रकला उप्रेती | बाँके |
| १९ | शितल सिंह राठोर | सुर्खेत |
| २० | रत्ना रेग्मी | दैलेख |
| २१ | गणेश वहादुर मल्ल | कैलाली |
| २२ | दीपक मल्ल | कैलाली |
| २३ | सोनिया चौधरी | केलाली |
| २४ | कल्याण बुढाथोकी | रामेछाप |
| २५ | धर्मराज न्यौपाने | अछाम |
| २६ | गोपाल शाह | बर्दिया |
| २७ | मैना कार्की | जाजरकोट |
| २८ | गीता रसाइली | काभ्रे |
| २९ | सुशिला चौधरी | दाङ |

| | | |
|---|---|---|
| ३० | बब्लु लामा | काठमाण्डौ |
| ३१ | शोभा भट्ट | काठमाण्डौ |
| ३२ | नेत्र भण्डारी | काठमाण्डौ |
| ३३ | सुमन अधिकारी | लमजुंग |
| ३४ | मोहन परियार | रोल्पा |
| ३५ | एक राज भण्डारी | काठमाण्डौ |
| ३६ | सृजना राई | सुनसरी |
| ३७ | रत्न बहादुर घिमिरे | झापा |
| ३८ | नम बहादुर बोहरा | अछाम |
| ३९ | दिक्षा अधिकारी' | काठमाण्डौ |
| ४० | बद्रि वहादुर के.सी | बाग्लुङ |
| ४१ | रमिला  जोशी | भक्तपुर |
| ४२ | सबिता शाही | कालिकोट |
| ४३ | सुशिला कुमारी शाही | कालिकोट |
| ४४ | भोजराज तिमिल्सिना | अछाम |
| ४५ | लक्ष्मीकान्त तिमल्सिना | बर्दिया |
| ४६ | नहेंद्रकला तिमल्सिना | बर्दिया |
| ४७ | प्रविन चौधरी | कैलाली |
| ४८ | मनिषा शाही | कालिकोट |
| ४९ | कल्याणकारी साह | सप्तरी |
| ५० | गोपाल वहादुर शाह | बर्दिया |
| ५१ | सृजना श्रेष्ठ | काठमाण्डौ |